"कृषि पर्यटन हरियाली बन, समृद्ध मोलुङको खुसियाली मन"

# मोलुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### प्राप्चा, ओखलढुङ्गा

स्था:२०७३

गाउँ कार्यपालिकाको कार्यालय मोलुङ गाउँपालिका प्राप्चा, ओखलढुंगा प्रदेश नं. १, नेपाल स्था: २०७३

प.सं. २०७८।०७९ — १ नं. (प्रदेश), नेपाल

च.नं. १०३०

मितिः २०७८।११।०५

**उत्पादक वा अधिकृत विक्रेताद्वारा निर्धारित दरमा ( क्याटलग सपिङ्ग) विधिबाट सवारी साधन खरिद गर्ने सम्बन्धी सूचना ।**

(प्रथम पटक प्रकाशित मिति : २०७८/११/०५)

सार्वजनिक खरिद ऐन २०६३, को दफा ८ को उपदफा (क) को ८, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) तथा उत्पादक वा अधिकृत विक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) खरिद गर्ने कार्यविधि २०७४ बमोजिम उत्पादक कम्पनी वा सोको आधिकारिक विक्रेताहरुबीच मात्र प्रतिस्पर्धा गराइ क्याटलग सपिङ्ग विधिबाट यस कार्यालयको लागि सवारी साधन (३ वटा बाइक र १ वटा स्कुटर) खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक उत्पादक, कम्पनी वा त्यसको आधिकारिक बिक्रेताहरुबाट फर्म दर्ता प्रमाण पत्र, एजेन्सी दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र र आ.व. ०७७/७८ को कर चुक्ताको प्रमाणपत्र समावेश गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार तोकिएको स्पेसिफिकेशन, गुणस्तर, कम्पनीको मूल्य खुल्ने कागजात र सुविधा सहितको विवरण (क्याटलग/ब्रोसर) समेत संलग्न गरी सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनको कार्यालय समयभित्र यस कार्यालयमा निवेदन दर्ता गर्न हुन सम्बन्धित उत्पादक वा आधिकारिक बिक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । निवेदन दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसपछि कार्यालय खुल्ने दिन निवेदन दर्ता गर्न सकिने छ ।

खरिद गरिने सवारी साधनको स्पेसिफिकेशन सम्बन्धी जानकारी यस कार्यालयको वेवसाइट molungmun.gov.np बाट लिन सकिनेछ । थप जानकारीको लागि ९८४१९७२६५१ मा सम्पर्क गर्न सकिनेछ ।

११/०५

.................................

सन्तोष गौतम

नि. प्रमुख प्रसाकीय अधिकृत

सन्तोष गौतम
नि. प्रमुख प्रशासकीय अधिकृत

Phone:9852840501,Website:www.molungmun.gov.np,Email: info@molungmun.gov.np,molungrm@gmail.com